आज मिति २०७८ बैशाख १३ गते सोमबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०७ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री मनोज बुढाथोकी (ईन्जिनियर)
४. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०१/१० गते नगर प्रमुखज्यूबाट मिति २०७८/०१/१३ गते नगर कार्यपालिकाको १०७ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | • यस कार्यपालिकाको मिति २०७७/१२/२७ गतेको १०६ औं बैठकको समिक्षा गरियो । |
| २. | सहकारी दर्ता सम्बन्धमा । | • प्रस्तावित जीवन उपयोगी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र दक्षिण क्षेत्रीय उपभोक्ता सहकारी संस्था लिमिटेड क्रमशः मिति २०७६/०८/२६ र २०७६/०८/२९ गते नयाँ सहकारी दर्ताको लागी निवेदन पेश भएकोमा उक्त प्रस्तावित सहकारीहरुबाट पेश भएका कागजातहरुमा नपुग कागजातहरु माग गरी नगर प्रमुख समक्ष प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएकोमा नगर प्रमुखद्वारा पुनः अध्ययन गरी मिति २०७८/०१/०५ मा उक्त फाईल सदर भएको हुदाँ अनुमोदन गरी सहकारी दर्ता प्रमाणपत्र जारी गर्ने । साथै, नयाँ सहकारी दर्ता गर्नका लागी २०७८ बैशाख मसान्त सम्म खुल्ला गर्ने । |
| ३. | शिक्षक दरबन्दी मिलान सम्बन्धमा । | • शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा) सानोठिमी, भक्तपुरको च.नं.१८९, मिति २०७६/११/१२ गते प्राप्त पत्रानुसार नेपालमा सामुदायिक विद्यालयहरुले शिक्षक दरबन्दी पुनर्वितरण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०४ को निर्णय कार्यान्वयनको सन्दर्भमा माननिय मन्त्री स्तरिय मिति २०७६/१०/१० गतेको निर्णयानुसार शिक्षक दरबन्दी कार्यविधि, २०७६ अनुसार यस दक्षिणकाली नगरपालिका भित्र सञ्चालन भएका सामुदायिक विद्यालयको दरबन्दी विद्यार्थी संख्याको आधारमा प्राथमिक तहमा ७६ (छयहत्तर) र निम्न माध्यमिक तहमा ४५ (पैतालिस) दरबन्दी कायम गरेको तर यस नगरपालिका भित्र प्राथमिक तहमा १२७ र निम्न माध्यमिक तहमा ४७ दरबन्दी भएको हुदाँ हाल विद्यार्थी संख्याको आधारमा प्राथमिक तहमा ५१ र निम्न माध्यमिक तहमा २ दरबन्दी मिलान गरी पठाउनु पर्नेमा हालसम्म पनि यस नगरपालिकाले नपठाएको हुदाँ मिति २०७७/०४/१६ गते नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक योजना तथा विकास महाशाखा सानोठिमी, भक्तपुरको च.नं.१३, मिति २०७७/०४/१६ गतेको पत्रबाट यस नगरपालिका भित्र कुनै शिक्षकको अन्य पालिकाबाट सरुवा रिक्त दरबन्दीमा पद पूर्ति र पुलमा रहेका शिक्षकको तलब भत्ता समेत नपठाउने पत्र प्राप्त भएको । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शैक्षिक योजना तथा विकास महाशाखा) शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी, भक्तपुरको च.नं.१८०, मिति २०७७/१२/३० गतेको दरबन्दी मिलान नगर्ने नगरपालिकाहरुले पुल दरबन्दी रहेका शिक्षकहरुको तलब भत्ताको लागी सम्बन्धीत स्थानीय तह जिम्मेवार हुने भनि पुनः लेखी आएको हुदाँ शिक्षा शाखाबाट पेश भए बमोजिम पुल दरबन्दीमा कायम रहेका शिक्षकहरुको विवरण शिक्षा तथा समन्वय इकाई काठमाडौंमा पठाउने सन्दर्भमा सात दिनको सुचना प्रकाशन गरी स्वेच्छिक अवकाशमा जान चाहने शिक्षकहरुको विवरण संकलन गर्ने र स्वेच्छिक अवकाशमा जाने शिक्षकहरुलाई थप प्रोत्साहन स्वरुप रु.८०,०००।- (असी हजार) उपलब्ध गराउने । |

निर्णय उतार
प्रमाणित
७८/१/१३
तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ४. | ढुङ्गा खानीको उत्खनन अनुमति पत्र जारी गर्ने सम्बन्धमा । | • नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भुगर्भ विभागको च.नं.२५४०, मिति २०७८/०१/०६ को पत्रानुसार **IEE** मिति २०७७/१२/२५ गतेको विभागिय निर्णयले स्वीकृत भएको र उक्त खानी साना स्तर रहेको हुदाँ १५ (पन्ध्र) वर्षको अवधि किटान गरी हरेक वर्ष खानी नविकरण गराउने गरी नियमानुसारको दस्तुर लिई साना स्तरको अनुमती पत्र जारी गर्न सहमती प्राप्त भएको हुदाँ श्री झम्केश्वरी माई रोडा ढुङ्गा प्रा.लि.को नाममा ढुङ्गा खानी उत्खनन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (प) ७ बमोजिम अनुमति पत्र जारी गर्ने । |
| ५. | दक्षिणकाली क्षेत्र विकास समिति अन्तर्गत पूर्वाधार विकास सम्बन्धमा । | • दक्षिणकाली क्षेत्र विकास समितिको क्षेत्रभित्र पूर्वाधार विकासको लागी रु.२५,००,०००।- (अक्षरेपी पच्चिस लाख) विनियोजन गरी उक्त कार्यको लागी दक्षिणकाली क्षेत्र विकास समितिको बैठक बसी दुई वटा योजनामा रकम बाँडफाडँ गरी कार्यान्वयनका लागी रकम निकासा दिने । |
| ६. | कोभिड रोकथाम तथा व्यवस्थापन सम्बन्धमा । | • **कोभिड संक्रमण रोकथाम तथा व्यवस्थापनका लागी निम्नानुसार कार्य गर्नेः-**<br>✤ आम सेवाग्राहीमा कोभिडको संक्रमण फैलिने जोखिमलाई मध्यनजर गरी यस नगरपालीका र वडा कार्यालयहरु बाट दिदैं आएको सेवाहरुमा अत्यावश्यक सेवाबाहेकका अन्य सेवाहरु स्थगीत गर्ने ।<br>✤ धर्म संस्कृती रितिरीवाज परम्परा अनुसार मनाईने चाडपर्व,मेला पर्व,जात्रा,बिवाह,ब्रतबन्ध आदिमा जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्ने र २५ जना भन्दा कमको उपस्थीतीलाइ कडाईका साथ पालना गर्न लगाउने ।<br>✤ दक्षिणकाली मन्दिरको नियमित नित्य पुजा बाहेक अन्य सेवा हाललाई स्थगीत गरिएको जानकारी संचार माध्यम मार्फत सर्बसाधरणलाई सुचना सम्प्रेषण गराउने ।<br>✤ यस नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायातमा अनिवार्य सेनिटाईजर र मास्कको प्रयोग गर्न लगाउने, चालक र सहचालकले अनिबार्य मास्क र भाईजरको प्रयोग गर्ने । सार्वजनिक यातायातको सिट क्षमता भन्दा बढि यात्रु बोक्न नपाउने नियमलाई कडाईका साथ पालना गर्न लगाउने ।<br>✤ टोल बस्ती र समुदायमा ५ जना भन्दा बढी भेला जमघट गर्न रोक लगाउने ।<br>✤ मानिसहरु भेला भई गरिने कार्यक्रमहरु (गोष्ठी, सेमिनार, खेलकुद) सञ्चालन नगर्ने ।<br>✤ बैठकहरु गर्दा **Virtual** बिधिको माध्यमबाट गर्ने ।<br>✤ कोभिड रोकथाम तथा नियन्त्रणका लागी जनप्रतिनिधि तथा कर्मचारीहरु सक्रिय रुपमा परिचालित हुने ।<br>✤ यस नगरपालिका भित्र कोभिड - १९ बाट संक्रमण भएका संक्रमितहरुको पहिचान तथा नियमित रुपमा स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिन **Case Investigation and Contact Tracing (CICT) Team** परिचालन गर्ने ।<br>✤ यस नगरपालिका अन्तर्गत वडा नं. १ मा रहेको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको आईसोलेसन सेन्टरलाई तयारी अवस्थामा राख्ने ।<br>✤ कोभिड सम्बन्धी सुरक्षा सामग्री, अक्सिजन लगायतका रोकथाम तथा नियन्त्रणका सामग्रीहरुको अभाव हुन सक्ने सम्भावनालाई मध्यनजर गरी स्वास्थय सुरक्षा सामग्री खरिद गरी भण्डारण गर्ने ।<br>✤ कोभिड रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा व्यवस्थापनमा खटिने अन्य कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने । |

तुलसी बहादुर
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | - कोभिड रोकथाम तथा व्यवस्थापनका लागी यस नगरपालिकाका स्वास्थ्य शाखा प्रमुखलाई कोभिड फोकल पर्सन तोक्ने ।<br>- वडा स्तरमा निम्नानुसारको कोभिड रोकथाम तथा नियन्त्रणका लागी आवश्यकता अनुसारको टिम गठन गरी परिचालन गर्ने ।<br>संयोजक - सम्बन्धित वडाका वडा अध्यक्ष<br>सदस्य - वडाका जनप्रतिनिधिहरु<br>सदस्य - स्थानिय शिक्षक<br>सदस्य - महिला स्वास्थ्य स्वयं सेवीकाहरु<br>सदस्य - स्वास्थ्यकर्मी, वडा सचिव । |
| ७. | दक्षिणकालीको राजश्व सम्बन्धमा । | • साविक दक्षिणकाली क्षेत्र प्रबन्ध समितिले मिति २०७५/०४/०१ देखी २०७७/०३/३१ सम्म बार्षिक रु.५०,७२,१००।- (अक्षरेपी पचास लाख बहत्तर हजार एक सय रुपैयाँ) मा रोजी सुन चाँदी पसलको प्रोपाईटरलाई दोपाया चौपाया खुईल्याउने सम्बन्धी ठेक्का प्रदान गरेकोमा आ.ब.२०७६/०७७ को लागी २०७६/१२/११ बाट २०७७/०३/३१ सम्म कोभिड-१९ का कारण लकडाउन भएको (कुल ११४ दिन) अवधिमा सम्झौतामा उल्लेख भए बमोजिम शनिबार र मंगलबार शतप्रतिशत छुट दिने र अन्य दिनमा बन्द भएमा ५० प्रतिशत छुट दिने सम्झौताको शर्त बमोजिम सो अवधिमा शनिबार र मंगलबारको संख्या ३३ दिन रहेको र अन्य बन्दको दिन ८१ दिन गणना भए बमोजिम स्थानिय राजश्व परामर्श समितिको सिफारिसमा गठन भएको अध्ययन तथा प्रतिवेदन समितिको सिफारिस बमोजिम कुल रु.१०,२१,३५६।- (अक्षरेपी दश लाख एक्काईस हजार तिन सय छपन्न रुपैयाँ) छुटका लागी सिफारिस भएकोमा उक्त रकममा मिति २०७३/०४/०३ देखी मिति २०७६/११/२६ गते सम्मको नियमानुसार तिर्नु पर्ने कर तिर्न लगाई छुट दिनका लागी दक्षिणकाली क्षेत्र विकास समितिले गरेको निर्णयलाई अनुमोदन गर्ने । |
| ८. | राष्ट्रिय जनगणना सम्बन्धमा । | • राष्ट्रिय जनगणना २०७८ को व्यवस्थित सञ्चालनका लागी यस नगरपालिकामा स्थानिय जनगणना समन्वय समिति गठन भएको साथै राष्ट्रिय जनगणनालाई सफल बनाउन राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ बमोजिम निर्दिष्ट कार्यका लागी नगरपालिकाबाट आवश्यक सहयोग गर्ने । साथै, वडा स्तरीय जनगणना समितिलाई परिचालन गर्ने । |
| ९. | प्राकृतिक स्रोत साधनको छुट बदर सम्बन्धमा । | • मिति २०७७/०५/२५ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगाएतको प्राकृतिक स्रोतहरुको बिक्रि/संकलन शुल्क/दस्तुर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सुचना बमोजिम ठेक्का पर्न आएको पुष्पाञ्जली लक्ष्मी निर्माण सेवाको कबोल अंङ्क रु.३,१३,००,०००।- (अक्षरेपी तिन करोड तेह्र लाख रुपैयाँ) एकमुष्ट बुझाउने निवेदन गरे अनुसार यस कार्यपालिकाको ९४ औं बैठकको निर्णयानुसार सम्झौता भएकोमा उक्त प्रा.लि.ले यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्कको खाता नं.१२००१००३०३००००२ मा क्रमशः सिद्धार्थ बैङ्कको चेक नं.००२२६६७३२० बाट रु.२,००,००,०००।- (दुई करोड रुपैयाँ) दाखिला गरेको मिति २०७७/०७/०३ को भौचर र सन्राईज बैङ्कको चेक नं.००११६८३१६३ बाट रु.६५,००,०००।- (पैसठ्ठी लाख रुपैयाँ) दाखिला गरेको मिति २०७७/०७/०३ को भौचर यस नगरपालिकामा पेश भएकोमा यस कार्यालयको बैङ्क स्टेटमेन्ट र पेश हुन आएको भौचर भिडान गरी हेर्दा सिद्धार्थ |

तुलसी
प्रमुख प्रशासकीय

| | | |
|---|---|---|
| | | बैङ्कको चेक नं.००२२६६७३२० बाट रु.२,००,००,०००।- (दुई करोड रुपैयाँ) दाखिला गरेकोमा उक्त चेकबाट यस नगरपालिकाको खातामा रकम जम्मा नभएको हुदाँ उक्त प्रा.लि.सँग पुनः ताकेता गर्दा मिति २०७७/०७/१६ मा सिद्धार्थ बैङ्कको ००२२६६७३२६ नं.को चेकबाट रु.१,७०,००,०००।- (अक्षरेपी एक करोड सत्तरी लाख रुपैयाँ) यस कार्यालयको बैङ्क खातामा जम्मा गरेको, नपुग रकम रु.२९,००,०००।- (उनान्तीस लाख रुपैयाँ) को सम्बन्धमा मिति २०७७/०९/२८ गतेको स्थानिय राजश्व परामर्श समितिको बैठकबाट "यस नगरपालिकामा रहेको निर्माणमुखी कच्चापदार्थ (ढुङ्गा, बालुवा, माटो आदि) प्राकृतिक स्रोत साधन ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने सम्बन्धी बोलपत्र आह्वानबाट श्री पुप्पाञ्जली लक्ष्मी निर्माण सेवा, दक्षिणकाली -६, काठमाडौंले भ्याट रकम बाहेक रु.३,१३,००,०००।- (अक्षरुपी तीन करोड तेह्र लाख) मा ठेक्का परी यस नगर कार्यपालिकाको ९४ औं बैठकको निर्णयानुसार उक्त प्रा.लि.ले यस नगरपालिकाको मिति २०७७/०६/२६ को पत्रानुसार स्वीकृत कबोल अंक भ्याट बाहेक रु.३,१३,००,०००।- (अक्षरुपी तीन करोड तेह्र लाख) एकमुष्ठ रकम बुझाइ ७ (सात) दिन भित्र सम्झौता गर्न आएमा शर्तको नं.११ अनुसार १० प्रतिशत छुट दिने भनि पत्राचार गरिएकोमा निज प्रा.लि.यस नगरपालिकाको खातामा जम्मा गरेको धरौटी रकम रु.१७,७०,०००।- (अक्षरुपी सत्र लाख सत्तरी हजार) जम्मा भएको र बाँकी नपुग रकम रु.२,९५,३०,०००।- (अक्षरुपी दुई करोड पन्चानब्बे लाख तीस हजार) बुझाउदाँ हुन आउने रकम रु.३,१३,००,०००।- (अक्षरुपी तीन करोड तेह्र लाख) मा १० प्रतिशत छुट रकम रु.३१,३०,०००।- (अक्षरुपी एकतीस लाख तीस हजार) घटाउदा हुन आउने रकम रु.२,८१,७०,०००।- (अक्षरुपी दुई करोड एकासी लाख सत्तरी हजार) को बैंक दाखिला भौचर यस कार्यालयमा बुझाएको हुदाँ यस नगर कार्यपालिकाको २०७७/०७/०३ मा १० प्रतिशत रकम छुट दिने निर्णयानुसार सम्झौता भएको र उक्त पुप्पाञ्जली लक्ष्मी निर्माण सेवा, दक्षिणकाली -६, काठमाडौंले सम्झौता अनुसार यस कार्यालयलाई एकमुष्ठ रकम रु.२,८१,७०,०००।- (अक्षरुपी दुई करोड एकासी लाख सत्तरी हजार) बुझाउन पर्नेमा हालसम्म रु.२,५२,७०,०००।- (अक्षरुपी दुई करोड बाउन्न लाख सत्तरी हजार) मात्र दाखिला भएको हुनाले नपुग रकम रु.२९,००,०००।- (अक्षरुपी उनान्तीस लाख) उक्त प्रा.लि.ले सम्झौता अनुसारको रकम हालसम्म पनि यस कार्यालयको खातामा दाखिला नगरेकोले सो प्रा.लि.लाई रकम दाखिलाको लागि ७ (सात) दिनको अवधि तोकी पत्राचार गर्ने उक्त अवधि भित्र सो नपुग रकम रु.२९,००,०००।- (अक्षरुपी उनान्तीस लाख) यस कार्यालयमा नबुझाएको अवस्थामा मिति २०७७/०७/०३ गते कार्यपालिकाको निर्णयानुसार दिएको १० प्रतिशत छुट रकम समेत वदर हुने गरी गरी उक्त छुट दिएको रकम रु.३१,३०,०००।- (अक्षरुपी एकतीस लाख तीस हजार) तथा नपुग रकम रु.२९,००,०००।- (अक्षरुपी उनान्तीस लाख) गरी जम्मा रु.६०,३०,०००।- (अक्षरेपी साठ्ठी लाख तीस हजार) असुल उपर गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने" भन्ने निर्णय भए अनुरुप यस कार्यालयबाट पुष्पाञ्जली लक्ष्मी निर्माण सेवा प्रा.लि.लाई मिति २०७७/१०/०८ मा लिखित पत्राचार समेत गर्दा मिति २०७७/११/२९ गते यस कार्यालयको खातामा रु.१५,००,०००।- (अक्षरेपी पन्ध्र लाख रुपैयाँ) मात्र जम्मा गरेकोमा नपुग रकम रु.१४,००,०००।- (अक्षरेपी चौध लाख रुपैयाँ) हालसम्म पनि यस कार्यालयलाई नबुझाएको हुदाँ कबोल अंक एकमुष्ट रुपमा बुझाएमा मात्र छुट पाउने व्यवस्था भएकोमा पटक पटक गरी रकम बुझाएको र बुझाउन बाँकी रकम रु.१४,००,०००।- (अक्षरेपी चौध लाख रुपैयाँ) भएको र छुट गरिएको |

तुलसी बहादुर
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | रकम रु.३१,३०,०००।- (अक्षरेपी एकतिस लाख तिस हजार रुपैयाँ) समेत गरी जम्मा रु.४५,३०,०००।- (अक्षरेपी पैतालिस लाख तिस हजार रुपैयाँ) असुल उपर गरी उक्त प्रा.लि.सँग भएको सम्झौताको बुदाँ नं.१३ मा "प्रचलित कानुन र सम्झौताको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि प्रथम पक्षले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ" भन्ने शर्त भएको भएतापनि मिति २०७८/०१/१२ गते उक्त प्रा.लि.ले राजश्व संकलन गर्नमा खानीहरु सञ्चालन नभएको भनि २०७८/०१/२४ गते भित्र बाँकी रकम बुझाउनेछु भनि निवेदन पेश गरेको हुदाँ उक्त सम्बन्धमा यस कार्यपालिकाको आगामी बैठकमा छलफल गर्ने । |
| १०. | कानुनी सल्लाहकारलाई नगरपालिकाको तर्फबाट अख्तियारी प्रदान सम्बन्धमा । | • यस नगरपालिका विरुद्ध पर्ने मुद्दाहरुमा तथा नगरपालिकाले दायर गर्नु पर्ने मुद्दाको सम्बन्धमा फिरादपत्र, प्रतिउत्तरपत्र तयार गर्ने, बहस तथा अन्य अदालती कामकारवाहीको लागी यस दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट अख्तियारि दिन मिल्ने यस नगरपालिकाका कानुनी सल्लाहकार पर्वत जिल्ला कुश्मा न.पा.वडा नं.२ स्थाई घर भई ललितपुर जिल्ला महालक्ष्मी न.पा.वडा नं.१ निवासी घनराज उपाध्यायको छोरा लीलामणि पौडेल (प्रमाण पत्र नं.५२९७) लाई फिरादपत्र तयार गर्न, रिटको कारवाही किनारा फैसला नभए सम्म रिट सम्बन्धी लिखित जवाफ दर्ता गर्न, तारिख बस्न, बहस तथा अन्य अदालती कामकारवाहीको लागी अख्तियारी प्रदान गर्ने । |
| ११. | नगर प्रहरी सम्बन्धमा । | • यस नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई थप व्यवस्थित गर्नको लागी नगर प्रहरी अन्तर्गत अ.स.ई. - १ जना, प्रहरी जवान पुरुष - ४ जना, प्रहरी जवान महिला - २ जना को बिज्ञापन गरी ईलाका प्रहरी कार्यालय, फर्पिङको सहयोगमा छनौट कार्य सम्पन्न गर्ने । छनौट कार्य अन्तर्गत स्वास्थ्य परिक्षण, शारिरीक परिक्षा, लिखित र मौखीक परिक्षा लिने । |
| १२. | विद्यालय सहमती सम्बन्धमा । | • श्री एलिश आदर्श पब्लिक स्कुल प्रा.लि. जिल्ला नुवाकोटबाट यस नगरपालिका वडा नं.८ छैमलेमा स्थानान्तरण भई आउन सहमती माग गरिएकोमा दक्षिणकाली नगर शिक्षा समितिको मिति २०७८/०१/०३ को निर्णयानुसार दक्षिणकाली नगरपालिकाको कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भए बमोजिम उक्त विद्यालय नियमानुसार स्थानान्तरणको लागी सहमती उपलब्ध गराई दिनु हुन शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई लेखी पठाउने । |

तुलसी बहादुर
प्रमुख प्रशासकीय अधिकृत

| १३. | विविध । |
|---|---|

- चालु आ.ब.को लागी पाँचौ नगर सभाबाट विनियोजित तपसिलका आयोजना तथा कार्यक्रमहरु संशोधन गरी देहायका आयोजनाहरु सञ्चालन गर्ने ।

**तपसिल**

| क्र. सं. | संशोधन हुने आयोजना/कार्यक्रम | नयाँ कायम हुने आयोजना | स्थान | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | हिलो मुक्त बस्ती गोरेटो बाटो निर्माण | तिखे ढुङ्गा मोटर बाटो ड्रेन तथा ढलान | द.न.पा.८ | रु.४,००,०००।- |
| २ | | देउराली भैरव मन्दिर निर्माण | द.न.पा.८ | रु.१,५०,०००।- |
| ३ | | तल्लो टप्पल देखी माथिल्लो टप्पल बाटो ढलान | द.न.पा.२ | रु.४,००,०००।- |
| ४ | | युटिकी सिम्पानी मोटर बाटो ढलान (थप नयाँ कार्य) | द.न.पा.७ | रु.१५,००,०००।- |
| ५ | | घ्याम्पादेवी सिम्पानी विद्यालय माथीको पहिरो व्यवस्थापन | द.न.पा.८ | रु.२,००,०००।- |
| जम्मा | | | | रु.२६,५०,०००।- |

- खेल मैदान/कोट बनाउने

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बोसन खेल मैदान | दक्षिणकाली न.पा.१ | रु.३,००,०००।- | |
| २ | सितोरियो कराते भवन | दक्षिणकाली न.पा.६ | रु.४,००,०००।- | |
| ३ | तौथली खेल मैदान | दक्षिणकाली न.पा.२ | रु.५,००,०००।- | |
| जम्मा | | | रु.१२,००,०००।- | |

- प्रकोप व्यवस्थापन कोष

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मिठ्ठु तामाङ, भुकम्प प्रभावित घर निर्माण | दक्षिणकाली न.पा.४ | रु.१,००,०००।- | |
| २ | गोवर्धन खत्री, भुकम्प प्रभावित घर मर्मत | दक्षिणकाली न.पा.७ | रु.६०,०००।- | |
| जम्मा | | | रु.१,६०,०००।- | |

तुलसी बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत